# त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य सिफारिससम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०।१२।१६

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यमध्ये रिक्त रहेको सदस्य पदका लागि त्रिभुवन विश्वविद्यालयको कुलपतिसमक्ष सिफारिस गरी त्रिभुवन विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवासम्बन्धी कार्यमा तटष्थ, निष्पक्ष, योग्यताका आधारमा सम्पादन गरी यस विश्वविद्यालयको शैक्षिक उन्नयन हासिल गर्न वाञ्छनीय भएकोले,

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५ को उपदफा (२) बमोजिमको समितिले यो कार्यविधि बनाई लागू गरेकोछ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य सिफारिस सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५ को उपदफा (२) बमोजिमको समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमा,–

(क) "आयोग" भन्नाले त्रिभुवन विश्वविद्यालय सेवा आयोग सम्झनु पर्छ।

(ख) "उच्च शैक्षिक संस्था" भन्नाले विश्वविद्यालय वा सो अन्तर्गतका संस्थान वा विभाग वा अनुसन्धान केन्द्र वा आङ्गिक क्याम्पस वा आङ्गिक स्कुल वा आङ्गिक कलेजलाई सम्झनु पर्छ।

(ग) "उम्मेदवार" भन्नाले ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिम सेवा आयोगको सदस्य हुन योग्यता पुगेको व्यक्ति सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सम्झनु पर्छ।

(ङ) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ।

(च) "व्यवस्थापकीय पद" भन्नाले विश्वविद्यालयको पदाधिकारी वा उच्च शैक्षिक संस्थाको प्रमुख वा उच्च शैक्षिक संस्था अन्तर्गतको विभागीय प्रमुख भई कार्य गरेको पद सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिम आयोगको सदस्य सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले ऐनको दफा १५ को उपदफा (२) बमोजिम त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समिति सम्झनु पर्छ।

३. <u>बैठकसम्बन्धी कार्यविधि:</u>(१) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि समितिको अध्यक्ष र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा अध्यक्षसहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ।

(५) समितिको निर्णय अध्यक्षबाट प्रमाणित हुनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरेबमोजिम हुनेछ।

४. <u>आवश्यक न्यूनतम योग्यता:</u> यस कार्यविधि बमोजिम आयोगको सदस्यमा नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहायबमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको,

(ख) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भई सो पदको अनुभव हासिल गरेको,

(ग) कम्तिमा दश वर्ष उच्च शैक्षिक संस्थामा प्राध्यापन गरी अनुभव हासिल गरेको,

(घ) कम्तिमा दुई वर्ष उच्च शैक्षिक संस्थामा व्यवस्थापकीय जिम्मेवारीमा रहेको,

(ङ) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नभएको,

(च) Plagiarism सम्बन्धमा दोषी प्रमाणित नभएको,

(छ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(ज) नेपाली नागरिक भएको,

(झ) कुनै राजनीतिक दलको सदस्य नभएको।

५. <u>सूचना प्रकाशन गर्ने:</u> (१) आयोगको सदस्य पदमा नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका र नेपाल सरकार,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट,त्रिभुवन विश्वविद्यालयको वेवसाइट तथा विश्वविद्यालय अनुदान आयोगको वेवसाइटमा दश दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र इच्छुक उम्मेदवारले दरखास्त पेश गर्न सक्नेछन् र म्यादभित्र पेश हुन आएका दरखास्तको मात्र मूल्याङ्कन गरिनेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त विद्युतीय माध्यमबाट समेत पेश गर्ने गरी व्यवस्था गर्न सकिनेछ।

६. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजात:</u> (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) विद्यावारिधि उपाधिको प्रमाण पत्रको प्रतिलिपि,

(ख) प्राध्यापक पदमा नियुक्त भएको नियुक्तिपत्रको प्रतिलिपि,

(ग) कम्तीमा दश वर्ष उच्च शिक्षा क्षेत्रमा अध्यापनको अनुभव हासिल गरेको प्रमाणित कागजात,

(घ) SCImago Journal Rank अन्तर्गत सूचीकृत जर्नलमा प्रकाशित लेखको विवरण र NEPJOL मा सूचीकृत समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) मा लेख प्रकाशन

गरेको भए सोको वेबसाइट लिङ्क (प्रकाशित लेख नेपालको शिक्षा क्षेत्रको विकास वा जनशक्ति विकाससंग सम्बन्धित हुनु पर्नेछ),

(ङ) प्रचलित कानुनबमोजिम स्थापित कुनै उच्च शैक्षिक संस्थाको व्यवस्थापकीय पदमा कम्तीमा दुई वर्ष अवधि सहितको अनुभव हासिल गरेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(च) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ब्यहोरा खुलेको स्वघोषणा पत्र,

(छ) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र,

(ज) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्र बनाउन सेवा आयोगको निष्पक्षता, तटस्थता, गुणस्तर र कार्यक्षमता अभिवृद्धिको निमित्त आगामी रणनीतिसम्वन्धी कार्ययोजना सहितको सोचपत्र, तीन हजार शब्दसम्मको,

(झ) अन्तर्राष्ट्रिय गोष्ठिमा अनुसन्धानमा आधारित कार्यपत्र प्रस्तुत गरेको अनुभव भए सोको प्रति र विवरण,

(ञ) नेपाली नागरिकताको प्रतिलिपि।

(३) उपदफा (२) को खण्ड (ज) बमोजिमको सोचपत्र अंग्रेजीमा भए Times Roman 12 Font Size र नेपालीमा भए प्रिति वा युनिकोडमा १४ वा १२ फ्रन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

७. <u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने:</u> (१) दरखास्तका लागि यस कार्यविधिको दफा ४ र ६ बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्ठा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

८. <u>छनोट विधि:</u>(१) समितिले उम्मेदवारबाट पेश हुन आएका योग्यता, अनुभव, लेख रचना, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको आधारमा आयोगको सदस्य छनोट गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छनोट गर्दा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाई गरिनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) शैक्षिक योग्यता,

(ख) प्राध्यापक पदको अनुभव,

(ग) कुनै विश्वविद्यालयमा व्यवस्थापकीय जिम्मेवारीको अनुभव,

(घ) SCImago Journal Rank अन्तर्गत सूचीकृत जर्नलमा र NEPJOL मा सूचीकृत समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) मा अनुसन्धानमूलक प्रकाशित लेख (प्रकाशित लेख नेपालको शिक्षा क्षेत्रको विकास वा जनशक्ति विकाससंग सम्बन्धित हुनु पर्नेछ),

(ङ) अन्तर्राष्ट्रिय गोष्ठिमा अनुसन्धानमा आधारित कार्यपत्र प्रस्तुतीकरणको विवरण,

(च) कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरणको मूल्याङ्कन

(छ) अन्तर्वार्ता।

(३) उपदफा (२) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ।

९. <u>छनोटको चरणः</u> (१) छनोटको पहिलो चरणमा दफा ८ उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम कायम हुन आएको उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको अल्पसूची (Short list) प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अल्पसूची (Short list) प्रकाशन गर्दा जम्मा आवेदकको एकतिहाई वा पन्ध्र जना मध्ये जुन कम हुन्छ सोही संख्यामा उम्मेदवारलाई अल्पसूची (Short list) मा राखिनेछ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि दरखास्त स्वीकृत उम्मेदवार संख्या नौ वा सोभन्दा कम हुन आएमा अल्पसूची प्रकाशन नगरी यस कार्यविधि बमोजिम सबै उम्मेवारलाई छनोट प्रक्रियाका सबै चरणमा सहभागी गराउनु पर्नेछ।

(४) यस कार्यविधि बमोजिम अल्पसूची प्रकाशन गर्नु पर्नेमा त्यस्तो अल्पसूचीको संख्या कायम गर्नेक्रममा कायम हुने संख्यामा बराबर अङ्क प्राप्त गर्ने थप उम्मेदवार संख्या भएको अवस्थामा त्यस्तो बराबर अङ्क प्राप्त गर्नेको अल्पसूचीमा नाम प्रकाशन गर्न बाधा पर्ने छैन।

(५) उपदफा (२) बमोजिम अल्पसूची (Short list) मा छनोट भएका आवेदकहरुलाई तीन दिनको समय दिई कार्य योजना सहितको सोचपत्र (Vision Paper with Work plan) प्रस्तुतीकरण गर्न मन्त्रालयको वबसाईटमार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(६) उपदफा (५) बमोजिमका उम्मेदवारले पेश गरेका विश्वविद्यालय सेवा आयोगसम्बन्धी कार्य योजना सहितको सोचपत्र (Vision Paper with Work plan) को प्रस्तुतीकरणको मूल्याङ्कन गरिनेछ।

१०.<u>प्रस्तुतीकरण तथा अन्तर्वार्ताः</u> (१) दफा ९ को उपदफा (१) बमोजिम अल्पसूची (Short list) कायम गर्नु परेमा त्यस्तो अल्पसूचीमा रहेका उम्मेदवारलाई र नरहेमा दरखास्त स्वीकृत भएका सबै उम्मेदवारलाई समितिले निश्चित समय दिई मन्त्रालयको वेवसाईटमार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ को खण्ड (च) र (छ) बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ। सोचपत्रको प्रस्तुतीकरण र अन्तर्वार्ता छुट्टाछुट्टै गर्नु पर्नेछ।

(२) प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा पैंतिस प्रतिशतभन्दा कम अंक प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ।

(३) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औषत अङ्क कायम गरी प्राप्ताङ्क कायम हुनेछ।

(४) कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरणको मूल्याङ्कनसम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ।

११.<u>उपसमिति गठन तथा विज्ञको सेवा लिन सक्नेः</u> (१) समितिले उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि तीन जनासम्म विज्ञ रहेको उपसमिति गठन गर्न वा यससम्बन्धी कार्यका लागि कुनै विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई दफा ८ को उपदफा (२) को खण्ड (ग),(घ), (ङ), (च) र (छ) बमोजिमको मूल्याङ्कनको लागि कार्य जिम्मेवारी दिन वा सहयोग लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञको रुपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त प्राध्यापकमध्येबाट छनोट गर्नु पर्नेछ।

(४) समितिले आफ्नो कार्य सम्पादनका लागि मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ।

१२.<u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने:</u> (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार वा स्वार्थ बाझिएको कुनै व्यक्तिले सदस्य पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका अध्यक्ष तथा सदस्यको हकमा कुलपतिबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिवाट व्यवस्था भए बमोजिम हुनेछ।

१३.<u>नाम सिफारिस:</u> (१) समितिले प्रतिवेदनसहित विश्वविद्यालय सेवा आयोगको सदस्य पदमा नियुक्तिको लागि उम्मेदवारको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा प्राप्ताङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने मुख्य उम्मेदवार एक जना र वैकल्पिक उम्मेदवार एक जना गरी दुई जनाको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वाधिक अङ्क प्राप्त गर्ने मध्येका दुई उम्मेदवार मात्र नभै अन्य उम्मेदवारसमेत भई प्राप्ताङ्क बराबर भएमा सोभन्दा बढी सिफारिस गर्न वाधा पर्ने छैन।

१४.<u>खर्चसम्बन्धी व्यवस्था:</u> समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च विश्वविद्यालय सेवा आयोगवाट नियमानुसार भुक्तानी हुनेछ।

१५.<u>कागजपत्रको संरक्षण:</u> समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

१६. <u>सचिवालय</u> समितिको सचिवालय मन्त्रालयको उच्च शिक्षा महाशाखामा रहनेछ।

१७.<u>बाधा अडकाउ फुकाउन सक्ने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची-१
### (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
### दरखास्तको ढाँचा

श्री अध्यक्षज्यू,
त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य सिफारिस समिति,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरवार, काठमाडौ।

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिम सेवा आयोगमा रिक्त सदस्य पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। म कुनै राजनीतिक दलको सदस्य नभएको, सार्वजनिक पदको लागि अयोग्य नभएको र त्रिभुवन विश्वविद्यालय सेवा आयोगसँग मेरो कुनै स्वार्थ नवाझिएको स्वघोषणा गर्दै म सेवा आयोगको सदस्य पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धतासमेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय
२ . नियुक्ति हुन चाहेको पदः त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य
३. दरखास्त पेश गर्ने व्यक्तिकोः

(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी):-
.................................................................................................................
ENGLISH BLOCK LETTER .........................................................................................
हाल कार्यरत संस्थाः ..............................पद ..............................
नेपाली नागरिकताको प्रमाण पत्र नं.:..........................
जारी मितिः..............................जिल्लाः..................
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
जन्म मितिः .....................साल....................... महिना................ गते
सम्पर्क नम्वरः ...................इमेलः...................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १. | विद्यावारिधि | | | | |

(ग) अनुभवः (प्राध्यापक तथा उच्च शिक्षामा व्यवस्थापकीय जिम्मेवारीमा रहेको विवरण)

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

<u>नोटः</u> व्यवस्थापकीय पद भएको प्रमाण निवेदन साथ पेश गर्नु पर्नेछ।

(घ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशनसम्बन्धी विवरण

Ranked Journals/Proceeding (SCImago Journal Ranking) र NEPJOL Peer-Reviewed Journal ।

| क. सं. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | SCImago Rank | NEPJOL मा सूचीकृत समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) मा अनुसन्धानमूलक लेख प्रकाशन | लेखको इन्टरनेट लिंक |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(ङ) अन्तर्राष्ट्रिय गोष्ठिमा प्रस्तुत कार्यपत्र

| क सं | अन्तर्राष्ट्रिय गोष्ठिको विवरण | कार्यपत्रको विषय | मिति | देश/स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

<u>नोटः</u> अन्तर्राष्ट्रिय कार्यशालामा प्रस्तुतीकरण गरेको प्रमाण निवेदन साथ पेश गर्नु पर्नेछ।

(च) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण एक प्रति,

(४) विद्यावारिधि उपाधिको प्रमाणपत्रहरूको प्रतिलिपि,

(५) प्राध्यापकको नियुक्तिपत्रको प्रतिलिपि,

(६) सम्बन्धित क्षेत्रको अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(७) त्रिभुवन विश्वविद्यालय सेवा आयोगसम्बन्धी कार्य योजना सहितको सोचपत्र (Vision Paper with work plan) -थान - एक, तीन हजार शब्द सम्मको।

(८) कुनै राजनितिक दलको सदस्य नरहेको, सार्वजनिक पदको लागि अयोग्य नभएको र त्रिभुवन विश्वविद्यालय सेवा आयोगसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

(९) कार्यविधिको दफा ४, ६ र ८ मा उल्लिखित विषयमा अन्य केही भए सोको विवरण।

<u>द्रष्टव्य</u> -

माथी खण्ड (च) को क्रमसंख्या (७) बमोजिमको सोचपत्र नौ जनाभन्दा बढी उम्मेदवारको दरखास्त स्वीकृत भएमा अल्पसूचीमा नाम समावेश भएपछि त्यस्तो सूचीका उम्मेदवारलाई मात्र प्रस्तुतीकरणमा सहभागी गराइनेछ।

माथि उल्लेख गरेका सवै विवरणहरू साँचो हुन्, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| **औँठा छाप** | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

## अनुसूची-२

### (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

### योग्यता, अनुभव, कार्य योजना सहितकोसोचपत्र प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| योग्यता, अनुभव, सोचपत्र प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) मान्यता प्राप्त विश्वविद्यालमा प्रध्यापकको कार्य अनुभव । | दश | प्राध्यापक पदमा कार्यानुभव भएको प्रत्येक वर्षको लागि दुई अंकका दरले अधिकतम दश अंक<br>महिना सम्मको लागि महिना पूरा भएकोमा बाह्र महिना बराबर एक अङ्क कायम गरी अङ्क कायम गरिने छ तर दिनको अङ्क कायम गरिने छैन। |
| (ख) मान्यता प्राप्त विश्वविद्यालयमा व्यवस्थापकीय पदको कार्य अनुभव । | पाँच | प्रति वर्ष एक अङ्कका दरले बढीमा पाँच वर्षको लागि अधिकतम पाँच अङ्क।<br>महिना सम्मको लागि महिना पूरा भएकोमा बाह्र महिना बराबर एक अङ्क कायम गरी अङ्क कायम गरिने छ तर दिनको अङ्क कायम गरिने छैन। व्यवस्थापकीय पद भएको प्रमाण दरखास्तसाथ पेश गर्नु पर्नेछ। |
| (ग) अनुसन्धानात्मक लेख प्रकाशन। | बीस | Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत अधिकतम पाँच वटा लेखको लागि<br>(१) SCImago Journal Ranking को Quartiles १ र २ मा प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख चार अङ्क र सह अनुसन्धानकर्ता भए चार अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क।<br>(२) SCImago Journal Ranking को Quartiles ३ र ४ मा प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख दुई अङ्क र सह अनुसन्धानकर्ता भए दुई अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क।<br>नोट: प्रकाशित लेख नेपालको शिक्षा क्षेत्रको विकास वा जनशक्ति विकाससंग सम्बन्धित हुनु पर्नेछ। |
| | दश | NEPJOL मा सूचीकृत समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत अधिकतम चार वटा वटा लेखको लागि<br>(१) प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख २.५. अङ्कले दश अङ्क<br>(२) सह अनुसन्धानकर्ता भए २.५ लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क।<br>नोट: प्रकाशित लेख नेपालको शिक्षा क्षेत्रको विकास वा जनशक्ति विकाससंग सम्बन्धित हुनु पर्नेछ। |

| | | |
|---|---|---|
| (घ) अन्तर्राष्ट्रिय गोष्ठिमा अनुसन्धानमा आधारित कार्यपत्र प्रस्तुत वापत, | पाँच | अन्तर्राष्ट्रिय गोष्ठिमा अनुसन्धानमा आधारित कार्यपत्र प्रस्तुत वापत प्रति अनुसन्धानपत्र एक अङ्कका दरले पाँच वटा गोष्ठि वापत पाँच अङ्क |
| (ङ) विश्वविद्यालय सेवा आयोगसम्बन्धी कार्य योजना सहितको सोचपत्र( Vision Paper with work plan) प्रस्तुतीकरणको आधारमा मूल्याङ्कन। तीन हजार शब्दसम्म। | पच्चीस | (१) विश्वविद्यालय सेवा आयोगको गुणस्तर अभिवृद्धि र प्रभावकारिता र क्षमता विकास-पाँच<br>(२) विश्वविद्यालय सेवा आयोगको निष्पक्षता र तटस्थता -पाँच<br>(३) शिक्षक तथा कर्मचारी छनौटमा अपनाउनु पर्ने सुधार र आयोगको सुदृढीकरण-पाँच<br>(४) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्न सेवा आयोगको भुमिका -पाँच<br>(५) विश्वविद्यालय सेवा आयोगको आगामी रणनीति –पाँच<br>प्रस्तुतीकरणको मूल्याङ्कन वापत सत्तरी प्रतिशत भन्दा बढी तथा पैतीस प्रतिशतभन्दा घटी अङ्क सबै मूल्याङ्कनकर्ताले कारण खुलाई दिएको अवस्थामा मात्र त्यस्तो अङ्क कायम हुनेछ। सो नभै कुनै मूल्याङ्कनकर्ताले बढी वा घटी दिएकोमा बढी भए सत्तरी र कम भए पैतीस प्रतिशतसम्ममात्र कायम हुनेछ। |
| (छ) अन्तर्वार्ता | पच्चीस | अन्तर्वार्ता वापत पच्चीस अङ्क हुनेछ।<br>अन्तर्वार्ताको अङ्क मूल्याङ्कनमा सत्तरी प्रतिशत भन्दा बढी तथा पैतीस प्रतिशतभन्दा घटी अङ्क सबै मूल्याङ्कनकर्ताले कारण खुलाई दिएको अवस्थामा मात्र त्यस्तो अङ्क कायम हुनेछ। सो नभै कुनै मूल्याङ्कनकर्ताले बढी वा घटी दिएकोमा बढी भए सत्तरी र कम भए पैतीस प्रतिशतसम्ममात्र कायम हुनेछ। |

## अनुसूची-३

### (दफा १० को उपदफा (४) सँग सम्बन्धित)
### कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण मूल्याङ्कन ढाँचा

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य पदको लागि सिफारिस समितिबाट मिति २०८०।--।-- गते प्रकाशित सूचना बमोजिम यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार वा स्वार्थ बाझिएका व्यक्ति नपर्ने साथै उम्मेदवारले पेश गरेको त्रिभुवन विश्वविद्यालय सेवा आयोगसम्बन्धी कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**कोडः**

कार्य योजना सहितको सोचपत्रको प्रस्तुतीकरणको मूल्याङ्कन

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालय सेवा आयोगको गुणस्तर अभिवृद्धि र प्रभावकारिता र क्षमता विकास | ५ | | |
| २. | विश्वविद्यालय सेवा आयोगको निष्पक्षता र तटस्थता | ५ | | |
| ३. | शिक्षक तथा कर्मचारी छनोटमा अपनाउनु पर्ने सुधार र आयोगको सुदृढीकरण- | ५ | | |
| ४. | विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्न सेवा आयोगको भुमिका | ५ | | |
| ५. | विश्वविद्यालय सेवा आयोगको आगामी रणनीति | ५ | | |
| | | २५ | प्रासाङ्क अंकमाः | |
| | | | प्रासाङ्क अक्षरमाः | |

कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरणको प्रासाङ्क

अंकमाः

अक्षरमाः

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**

**नामः**

**मिति**